# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : ५८

मिति: २०७६/०५/२६

**छलफल एवं निर्णय :**

१ आजको लागि पूर्व निर्धारित समितिको बैठकमा मा. खानेपानी मन्त्रीको अस्वस्थताका कारण खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको दफावार छलफल स्थगित गरियो ।

२ प्रतिनिधि सभाका विभिन्न समितिमा रहनु भएका माननीय सदस्यहरु हेरफेर हुने सिलसिलामा यस समितिमा आउनु भएका माननीय सञ्जय कुमार गौतमलाई समितिमा स्वागत गरियो ।

३ नुवाकोट र धादिङ जिल्लाको सिमामा रहेको बन्चरे डाँडामा निर्माणाधीन ल्याण्डफिल्ड साइडको समस्याको सम्बन्धमा थप छलफल गर्न शहरी विकास मन्त्रालयका मन्त्री एवं सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सचिव, लगानी वोर्डका कार्यकारी निर्देशक, काठमाडौं महानगरपालिकाका प्रमुख, सो क्षेत्रका संघीय तथा प्रदेश सांसदहरु, स्थानीय जनप्रतिनिधि, काठमाडौं, धादिङ र नुवाकोट जिल्ला समन्वय समिति प्रमुख, काठमाडौं, धादिङ र नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय सरोकार समुहका प्रतिनिधिहरु लगायतका पदाधिकारीहरुलाई आगामी समितिको बैठकमा छलफलका लागि आमन्त्रण गर्ने ।

४ समितिको अर्को बैठक २०७६।०५।३१ गते मंगलबार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।

............
(वंशीराज पौडेल)
समिति सचिव

............
(कल्याणी कुमारी खड्का)
सभापति